

# ९ नयाँ करारको चर्चमा सेवाकार्य

***<u>यस अध्यायका मूल पदहरू:</u>*** **प्रेरित २:४२-४७, ४:३२-३७, मत्ती २५:३८,४०, प्रेरित ९:३६,२ कोरन्थी ८:७-१५, रोमी १२ र याकूब २:१-९**

***<u>यस अध्यायको मूल सार पद:</u>*** **"परमेश्वर र पिताको अ गाडि शुद्ध र पवित्र वा नबिथुलिएको धर्म यही हो: अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।" (याकूब १:२७)।**

मत्ती २८:१८-२०का पदहरूलाई महान् आदेश भनेर कमसेकम सबै इसाईहरूको दिमागमा घुसेका पाइन्छ। बाइबलमा यो सबभन्दा धेरै थाहा पाइएको अंश हो। यसमा लेखिएको छ "१८ तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।” यी पदहरूलाई हामीहरूको मिशन स्टेटमेन्ट वा येशूभक्त भनेर दावी गर्नेले बोक्नुपर्ने र स्वीकार गर्नुपर्ने कामको जिम्मेवारीको वक्तव्य मान्नुपर्छ। यही पदहरूले नै इसाईहरूको सारा कामहरू र सुसमाचार प्रचारका आयोजनाहरूलाई घचेडिरहेको हुन्छ। यी पदहरूले गर्दा नै इसाईहरू सुसमाचार प्रचार गर्न सारा संसारमा कतिपय समयमा व्यक्तिगत जोखिम र मोलको वास्ता नगरि फैलिरहेका हुन्छन्।

यस महान् आदेश वा निर्देशनमा येशूले के भन्नुभयो त? "सारा संसारमा गएर मानिसहरूलाई चेला वा उहाँका भक्तहरू बनाऊ, बप्तिस्मा देऊ र मैले तिमीहरूलाई सिकाएका सबै कुराहरू पालन गर्न सिकाऊ।" अघिल्लो पाठहरूमा हामीले हेऱ्यौं कि आवश्यक परेकाहरूको सेवा गर्नु, दु:खमा परेकाहरूको स्याहार गर्नु र विपन्न वा कमजोर अवस्थामा रहेकालाई उचाल्नु

नै येशूको आज्ञाहरू हुन् जुन हामीलाई सुम्पिएको छ। येशूका पहिला चेलाहरूलाई दिएका ती निर्देशनहरू कुनै नौलो थिएन वा तिनीहरूले नसुनेको वा नदेखेको थिएन बरु तिनीहरूकै माझमा येशूले गरिरहनुभएको कामको निरन्तरता थियो। महान् आदेश पालन गर्ने क्रममा येशूले दिनुभएका विपन्न वर्गहरूको उत्थान गर्नुपर्ने शिक्षा नयाँ चर्चका समूदायका विश्वासीहरूले पूरा गरिरहेका थिए भनेर स्पष्टरूमा देख्न सकिन्छ।

## १. नयाँ प्रकारको समूदाय वा समाज

येशू स्वर्ग जानुभएपछि र पेन्टिकोष्टमा पवित्र आत्मा खनिनुभएपछि उहाँलाई विश्वास गर्ने मानिसहरू ह्वात्तै बढे र चर्चको सृजना सुरू भयो। त्यसबेला येशूलाई पछ्याउनेहरूको बीचमा नयाँ समूदाय वा समाजको गठन भयो। सुरूमा त्यसको नेतृत्व येशूका प्रथम् चेलाहरूले गरेका थिए। यो नयाँ समाज केवल "लौ, हामी मिलेर नयाँ समाज गठन गरौं" भनेर मानिसहरूको चाहना अनुसार सृजना भएको थिएन। तर त्यो समाज येशूका शिक्षादीक्षा र सेवाकार्यमा निर्माण भएको थियो साथै हिब्रू धर्मशास्त्र र तिनीहरूका अगमवक्ताहरूको लामो इतिहासले तिनीहरूलाई खिँचेर बनेको थियो।

**सुरूको चर्च स्थापना भएको बेलामा त्यहाँ के आधारभूत मूल तत्वहरू थिए जसले गर्दा चर्च द्रुत गतिमा बढ्यो? अर्थात् येशूलाई विश्वास गर्नेहरूको बीचमा के कार्यगत एकता थियो जसले गर्दा धमाधम चर्चमा विश्वासीहरू थपिन पुगे? हेर्नुहोस्, प्रेरित २:४२-४७ "४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय उत्पन्न भयो (वा परमेश्वरप्रति श्रद्धा) , र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।" र प्रेरित ४:३२-३७ "३२ विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए। ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ**

**प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो। ३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे। ३६ अब साइप्रस देशको लेवी कुलका योसेफ, जसलाई प्रेरितहरूले बारनाबास भनी नाउँ राखेका थिए (जसको अर्थ उत्साहको पुत्र हो), ३७ उनले आफ्नो जमिन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।"**

इस्राएलीहरूलाई परमेश्वरले दिनुभएको आदर्श समाजको खाका वा रूपरेखा अनुसार चल्न तिनीहरू असफल हुनपुगेका थिए। परमेश्वरको योजना अनुसार त्यो समाज उदार र न्यायोचित समाज हुनुपर्ने थियो। त्यसमा परमेश्वरको स्पष्ट निर्देशन थियो "तिमीहरूको बीचमा गरिब वा बिपन्न वर्ग हुनु आवश्यक नै थिएन" (व्यवस्था १५:४ रूपान्तरित। सुरूको चर्चको समाजले परमेश्वरको त्यस चाहनालाई गम्भिररूपमा लिएको थियो। चर्चका विश्वासीहरूले येशूलाई विश्वास गर्छु भनेर प्रवचनमात्र दिएनन् तर तिनीहरूले उहाँको इच्छा अनुसार व्यवहारमै लागु गराएका थिए। तिनीहरूको विश्वासलाई व्यवहारिकतामा उतार्न तिनीहरूले तिनीहरूसँग भएका स्रोतसाधनहरू विश्वासीहरूको आवश्यकतालाई पूरा गर्न बाँडेका थिए। कतिपय समयमा तिनीहरूले आफ्नै जग्गा पनि बेचेर आवश्यक चन्दा दिएका थिए। विशेष गरेर चङ्गाइको सेवाकार्यद्वारा (प्रेरित ३:१-११ र ५:१२-१६ हेर्नुहोस्) विश्वासमा बामे सर्न थालेका विश्वासीहरूको हितको निम्ति आफूसँग भएका आशिषहरू तिनीहरूको उत्थानको निम्ति बाँडेका थिए। (प्रेरित ४:३४-३७ "३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे। ३६ अब साइप्रस देशको लेवी कुलका योसेफ, जसलाई प्रेरितहरूले बारनाबास भनी नाउँ राखेका थिए (जसको अर्थ उत्साहको पुत्र हो), ३७ उनले आफ्नो जमिन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।" र प्रेरित ५:१,२ "१ तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे, २ र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूसँग राखे, र केही हिस्सा ल्याएर प्रेरितहरूका चरणमा राखिदिए")।

यद्यपि, हामीले कल्पना गरे जस्तै त्यो येशूभक्तहरूको प्रथम् समाज त्यस्तो सिद्ध र आदर्शको समाज थिएन। जब विश्वासीहरू अचाक्लिमात्रामा बढे तब त्यहाँ तनावहरू पनि बढे। तिनीहरूसँग भएको स्रोतलाई कसरी परिचालन गर्ने त्यस मामिलामा कचकच हुन थाल्यो। त्यसबेला दिनहुँ विधवीहरूलाई खाना ख्वाइन्थ्यो। यस बिषयमा गुनासो चल्न थालेको थियो "ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिंदो भोजन पाउँदैनथिए।" (प्रेरित ६:१)। त्यस समूहको स्वत अगुवाहरू येशूका चेलाहरू थिए। तिनीहरू विश्वासीहरूको भौतिक खानपिनमा भन्दा पनि सुसमाचार सुनाउन व्यस्त हुन चाहेका थिए। तर चर्चमा आएका मानिसहरूलाई सुव्यवस्थित गर्न तिनीहरूले केही न केही व्यवस्था गर्नुपरेको थियो।

तब तिनीहरूले सबैको सहमतिमा सात जना मानिसहरूलाई नियुक्त गरे। चर्चको समूदायलाई व्यवस्थित ढँगले चलाउन तिनीहरूलाई जिम्मा लगाइदिएका थिए। चर्चलाई सुसंगठित रूपमा चलाउन र सेवाकार्य गर्न विश्वासीहरूमा विभिन्न दक्षता वा सामर्थ्यता छ त्यसलाई सदुपयोग गर्नुपर्छ भनेर चाल पाएको सायद यो पहिलो पल्ट थियो। चर्चको जीवन र सुसमाचार सुनाउने सेवाकार्य अव्यवस्थित होइन व्यवस्थित र व्यवहारिकरूपमा चल्नुपर्छ भन्ने र त्यो महत्त्वपूर्ण छ भन्ने प्रत्यक्ष प्रमाण चर्चका पहिला बृहत समूहले गठन गरेको सामाजिक आयोगले देखाउँदछ। "मोशा र दाउदको शासनकालमा जुन न्याय र श्रद्धा देखाएर परमेश्वरका जनहरूलाई अगुवाइ गर्नुपर्थ्यो त्यही नीति सुसमाचारको प्रभावले चर्चमा ओइरो लागेका विश्वासी जनहरूको रेखदेख गर्न नयाँ चर्च सुसंगठित भएर चल्नुपर्दथ्यो।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ९५बाट रूपान्तरित।

**सुरूको चर्च समूदाय कस्तो थियो होला कल्पना गर्नुहोस्। त्यस चर्चले अपनाएका नीतिहरू अहिले पनि हामी कसरी लागु गर्न सक्छौं?**

## २. डोरकासको सेवाकार्य र गवाही

येशूले भविष्यवाणी गर्नुभए अनुसार चर्च फैलिन थालेका थिए। उहाँले भन्नुभएको थियो, "...तिमीहरू यरूशलेममा र पूरै यहूदिया र सामरिया क्षेत्रहरूमा अनि पृथ्वीका कुना-कुनासम्म मेरा साक्षी हुनेछौ।" (प्रेरित १:८)। त्यसै अनुसार उहाँका नयाँ भक्तहरूले पनि उहाँमा भएको विश्वास र उहाँले

गरेका सेवाकार्यलाई निरन्तरता दिएका थिए। ती विश्वासीहरूमध्ये योप्पा भन्ने सहरमा बस्ने डोरकास नाउँ गरेकी महिला थिइन् जसलाई तबिता पनि भनिन्थ्यो। नाङ्गालाई लुगा लगाइदिनु येशूलाई नै लगाइदिनु हो भन्ने येशूको अभिव्यक्तलाई उनले गम्भीररूपमा लिएकी थिइन् (मत्ती २५:३८,४०)।

**डोरकासको बारेमा र उनको कामको बारेमा प्रेरित ९:३६मा दिइएको छ। जुन प्रकारले उनको काम र जीवनको बारेमा त्यस पदमा व्याख्या गरिएको थियो त्यही प्रकारले के तपाईंको जीवन र कामलाई पनि व्याख्या गरिएको चाहनुहुन्छ? हेर्नुहोस्: "योप्पा सहरमा तबीता भन्ने एक जना प्रभुमा विश्वास गर्ने बहिनी थिइन्। ग्रीक भाषामा तिनलाई डोरकास भनिन्थ्यो। त्यसको अर्थ हरिणी हो। तिनी सधैं अरूको भलाइ गर्थिन् र गरीबहरूलाई सहायता दिन्थिन्।"**

डोरकासको सेवाकार्यले गर्दा उनलाई "येशूकी चेली अर्थात् प्रभुमा विश्वास गर्ने बहिनी" भनेर उनको बारेमा चिनाइएको थियो। उनको विश्वास, जोशजाँगर र अरूप्रति उनको सेवाकार्य उनको सहरमामात्र होइन त्यहाँबाट बाहिर पनि प्रख्यात भएको थियो।

योप्पा भन्ने सहरको नजिकको लिड्डा भन्ने सहरमा सुसमाचार सुनाउने क्रममा पत्रुस गएका थिए। योप्पाका मानिसहरू आएर डोरकासको अचानक भएको मृत्युमा आइदिन पत्रुसलाई अनुरोध गरे ("३७ पत्रुस लुड्डामा हुँदा तिनी बिरामी परेर मरिन् र मानिसहरूले तिनको लाशलाई धोइधाइ पारी घरको माथिल्लो तलाको एउटा कोठामा राखे। ३८ योप्पा लुड्डादेखि धेरै टाढा पर्दैनथ्यो र पत्रुस लुड्डामा छन् भन्ने कुरा चेलाहरूले थाहा पाए। तिनीहरूले दुई जना मानिसहरूलाई पत्रुसकहाँ यसो भनी पठाए, "दया गरी हामीकहाँ चाँडै आइदिनुहोस्।" ३९ यो बिन्ती सुनेपछि पत्रुस उठेर तिनीहरूसँग गए। पत्रुस योप्पामा आइपुगेपछि मानिसहरूले उनलाई घरको माथिल्लो तलामा लगे। विधवाहरूचाहिँ तबीताले बनाएको लुगा देखाएर रुँदै पत्रुसको चारैतिर झुम्मिए। ४० पत्रुसले तिनीहरू सबैलाई कोठाबाट बाहिर निकालेर घुँडा टेकी प्रार्थना गरे। त्यसपछि उनले लाशतिर फर्केर भने, "ए तबीता, उठ!" तिनले आँखा उघारिन् र पत्रुसलाई देखी उठेर बसिन्। ४१ पत्रुसले तिनको हात समातेर उठाए। त्यसपछि उनले प्रभुका पवित्र जनहरू र विधवाहरूलाई बोलाएर मरेर पनि बाँचेकी तबीतालाई जिम्मा दिए।" प्रेरित ९:३७-४१)।

जब पत्रुस योप्पामा आइपुगे तब डोरकासको सेवाकार्यबाट फाइदा पाएका धेरै गरिब विधवाहरू रोइरहेका उनले देखे। तिनीहरूले उनलाई लुगाहरू देखाए जुन डोरकासले दिएकी थिइन्। ती लुगाहरूबाट र गरिबहरूको

क्रन्दनबाट डोरकास प्रभुकी चेली हुन् भनेर केवल मुखलेमात्र होइन कामले पनि बताएकी थिइन् भनेर पत्रुसले महसुस गरेका थिए।

त्यो आपत्तकालीन समय थियो। त्यसकारण पत्रुसले डोरकासको निम्ति प्रार्थना गरे र परमेश्वरले उनलाई पुनर्जीवन दिनुभयो। अरूको भक्तिभावपूर्वक सेवा गऱ्यो भन्दैमा सबै जना डोरकास जस्तो यस संसारमा फेरि सेवा गर्न बिउँतिने छन् भन्ने कुनै ग्यारेन्टी त छैन। प्रभुको नाउँमा सेवा गर्दा गर्दै डोरकास बिरामी भइन् र मरिन्। (पत्रुसले उनलाई बिउँताइदिएपनि उनी पछि त मरेकी थिइन्)। चर्चका विधुवाहरूलाई सघाउन नियुक्त गरिएका स्तिफनस त झन इसाई इतिहासको पहिलो सहीद हुनपुगेका थिए (प्रेरित ७:५१-६० "५१ "तपाईंहरूको हृदय अन्यजातिको जस्तै कठोर भएको छ र तपाईंहरू परमेश्वरको सन्देश सुन्न चाहनुहुन्न। आफ्ना पिता-पुर्खाले जस्तै तपाईंहरूले पनि पवित्र आत्माले देखाउनुभएको कुरालाई कहिल्यै पनि मान्नुहुन्न। ५२ के तपाईंहरूका पिता-पुर्खाले नसताएको कुनै अगमवक्ता होलान् र? परमेश्वरका पवित्र सेवक आउँदै हुनुहुन्छ भनेर खबर सुनाउने अगमवक्ताहरूलाई समेत तिनीहरूले मारे। तपाईंहरूले चाहिँ आउनुभएका पवित्र सेवकलाई नै धोखा दिएर मार्नुभयो। ५३ तपाईंहरूले स्वर्गदूतहरूको हातद्वारा परमेश्वरको व्यवस्था त पाउनुभएको थियो, तर त्यसलाई पालन गर्नुभएन।" ५४ स्तिफनसको कुरा सुनेर महासभामा बसेका मानिसहरू रिसले आगो भए र तिनीहरूले स्तिफनसलाई दाह्रा किट्न लागे। ५५ तर स्तिफनसले पवित्र आत्माबाट भरपूर भएर स्वर्गतिर हेरे। उनले परमेश्वरको शक्तिशाली महिमा देखे, येशू पनि उहाँको दाहिनेपट्टि हुनुहुन्थ्यो। त्यहाँ उनले परमेश्वर र उहाँको दाहिनेपट्टि येशूलाई ठूलो महिमामा बास गर्नुभएको देखे। ५६ उनले भने, "हेर, म स्वर्ग उघ्रिएको र मानव पुत्र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देख्तै छु।" ५७ त्यत्तिकैमा तिनीहरूले जोडले कराउँदै आ-आफ्ना कान थुने र सबै उनीमाथि जाइलागे। ५८ तिनीहरूले स्तिफनसलाई ढुङ्गाले हानेर मार्न सहरदेखि घिस्याउँदै बाहिर निकाले। साक्षीहरूले आ-आफ्नो कोट फुकालेर शाऊल भन्ने ठिटाको जिम्मा लगाई स्तिफनसलाई ढुङ्गाले हिर्काउन लागे। ५९ तिनीहरूले ढुङ्गाले हिर्काइरहँदा स्तिफनसले प्रभुलाई पुकार्दै भने, "हे प्रभु येशू, मेरो आत्मालाई लिनुहोस्" ६० त्यसपछि उनले घुँडा टेकेर ठूलो सोर निकालेर भने, "हे प्रभु, यो पाप यिनीहरूलाई नलागोस्!" यति भनेर उनले आफ्नो प्राण त्यागे)।"

उपकार वा परोपकार गरेर सेवा गर्नेको जीवन अत्यन्तै सजिलो हुन्छ भन्ने छैन। बेलाबखतमा कठोर र मुश्किल पनि हुनसक्छ। तर डोरकासको कथामा हामीलाई एउटा उल्लेखनीय कुरा देखाइन्छ। डोरकासको जीवन र मृत्युले परमेश्वरको प्रेम र शक्ति उनद्वारा यसरी झल्किएको थियो कि योप्पाका मानिसहरूमा गहिरो प्रभाव पारेका थिए। प्रेरित ९:४२मा स्पष्टरूपमा खुलासा गरिएको छ "यो घट्ना योप्पा सहरका सबै मानिसहरूले थाहा पाए र धेरैले प्रभुलाई विश्वास गरे" (प्रेरित ९:४२ रूपान्तरित)।

**यदि तपाईं यस संसारबाट बिलय हुनुभयो भने के तपाईंको सेवाकार्यलाई डोरकासको जस्तो सेवाकार्य जस्तै तपाईंलाई मानिसहरूले सम्झिन्छन् होला ? यस संसारबाट हामी गएपछि पछिका पीँढीहरूको निम्ति हामीले असल कुरो छोडेर जान हामी कसरी प्रयत्नशील हुनुपर्छ? तपाईंसँग के दक्षता छ जसरी डोरकासको दक्षता भनेको अरूको निम्ति लुगा सिलाइ दिने थियो, जसले गर्दा अरूले तपाईंको सेवाको फाइदा पाउन सक्छन्?**

## ३. दिनु पनि बाँड्ने तरिका हो

येशूलाई आफ्नो प्रभु भनेर स्वीकारेपछि र धार्मिक आस्थामा परिवर्तन गरेपछि पावल अयहूदी वा अन्य जातिहरूलाई सुसमाचार फैलाउने लक्ष्यमा अग्रसर हुन थालेका थिए। उनको गवाहीले प्रभावित भएका अयहूदी तर पुरानो करार वा यहूदी जातसँग अपरिचित मानिसहरूले धमाधमा येशूलाई विश्वास गर्नपुगेका थिए। यहूदी जातिहरूबाट इसाई भएका र यहूदी जातिबाट बाहिरका मानिसहरू इसाई हुन थाले पछि तिनीहरूको बीचमा जटिल प्रश्न खडा हुनपुगेको थियो। यहूदीहरूले अयहूदीहरूलाई पहिले यहूदी संस्कारमा परिवर्तित हुनुपर्छ अनिमात्र इसाई हुन पाउँछन् भनेर जिकिर गरेका थिए भने अन्य जाति, वा अयहूदी र बिदेशी जाति भनेर कहलाइनेहरू येशूलाई विश्वास गर्न आफूहरू यहूदी जातमा प्रवेश हुनुपर्छ भन्ने सुरमा थिएनन्। त्यस विवादको वहस गर्न येशूका चेलाहरू, यहूदी र अयहूदी इसाईहरू येरुशलेममा भेला भएका थिए। तिनीहरूले विभिन्न जटिल प्रश्नहरूको समाधान गर्न परमेश्वरको अगुवाइ मागेका थिए। त्यस सभामा पारित गरिएको प्रस्तावको बारेमा प्रेरित १५मा उल्लेखित गरिएको छ।

त्यस यरुशलेम परिषदले पारित गरेको प्रस्तावको केही अंश गलाती २मा पावलले लेखेका छन्। यरुशलेम परिषदले पारित गरेको घोषणापत्रलाई नै निरन्तरता दिंदै अन्यजातिहरूकहाँ सुसमाचार प्रचार गर्ने आफूले पाएको

इजाजतमा उनले अर्को महत्त्वपूर्ण तत्वलाई यसरी प्रस्तुत गर्दछन्: "एउटा कुराचाहिँ उनीहरू सबैले भने, अभावमा रहेका गरीबहरूलाई सम्झिनुपर्छ। त्यही कुरो गर्न म पनि उत्सुक थिएँ।" (गलाती २:१०)। र पावलले आफ्नो सम्पूर्ण सेवाकार्यमा त्यस बिषयलाई व्यक्तिगतरूपमै निरन्तरता दिएका थिए। उदाहरणमा, पावलले आफ्नै हातले परिश्रम गरेर अरूको सेवा गरेका थिए भनेर प्रेरित २०:३२-३५मा यसरी उल्लेख गरिएको छ: "३२ "अब म तपाईंहरूलाई परमेश्वरको हातमा जिम्मा लाउँदै छु र उहाँकै अनुग्रहले भरिएको सन्देशको भरमा छोडिदिन्छु, जसद्वारा परमेश्वरले तपाईंहरूलाई विश्वासमा बलियो बनाइरहनुहुन्छ र आफ्ना मानिसहरूलाई आशिष्को भागीदार बनाउनुहुन्छ। ३३ मैले कसैको सुन-चाँदी वा लुगाको लोभ गरिनँ। ३४ तपाईंहरू आफैंलाई थाहा छ, मेरा हातले काम गरेर मलाई र मेरा साथीहरूलाई चाहिने कुरा जुटाएँ। ३५ यसरी 'लिनेहरूभन्दा दिनेहरू धन्य हुन्' भनेर प्रभु येशू आफैंले भन्नुभएको कुरालाई सम्झेर कमजोर मानिसहरूको हेरचाह गर्न सकेसम्म परिश्रमसँग काम गर्नुपर्छ भनी मैले सबै कुरामा देखाएको छु।"

यरुशलेमका सुरूका चर्चले अपनाएका नीति अनुसार इसाई समाज केवल यहूदी जातिहरूको निम्तिमात्र होइन तर समस्त मानव प्राणी जसले येशूलाई ग्रहण गर्छ भन्ने धारणालाई पावलले निरन्तरता दिएका थिए।

**उद्धार चित्तले दिन सक्ने खुबी सुसमाचारसँग गाँसिएको हुन्छ भनेर पावलले २ कोरन्थी ८:१-१५मा कसरी वर्णन गर्दछन्? हेर्नुहोस्: "१ दाजुभाइ हो, परमेश्वरले माकेडोनियाको मण्डलीलाई गर्नुभएको अनुग्रहको बारे तिमीहरूलाई हामी भन्न चाहन्छौं। २ तिनीहरूले असाध्यै दु:खमा पनि आफ्नो ठूलो आनन्द प्रमाण गरी देखाए। तिनीहरू गरीब भएर पनि मन खोलेर दान दिए। ३ उनीहरूले आफ्नो औकातदेखि पनि धेरै दिए, त्यही पनि आफ्नो खुसीले दिए। ४ यसरी दान दिएर उनीहरूले हामी यहूदियामा हुने ख्रीष्टका पवित्र जनहरूको सहायतामा भाग लिने मौका पाऔं भनी साह्रै बिन्ती गरे। ५ हामीले सोच्दै नसोचेको कुरो तिनीहरूले गरे। पहिले उनीहरूले आफैंलाई प्रभुकहाँ चढाए अनि परमेश्वरको इच्छामा काम गर्न आफैंलाई हाम्रा हातमा सुम्पिदिए।** ६ तीतसले तिमीहरूका बीचमा यो दान उठाउने काम सुरु गरेकाले त्यो पूरा गरून् भनी हामीले उनलाई पठायौं। *७ तिमीहरू विश्वासमा, शिक्षामा, ज्ञानमा, अरूको ख्याल गर्नमा र हाम्रो माया गर्न सबै कुरामा धनी छौ। यसै गरी यो प्रेमले दिने सेवा पनि पूरा गर्ने गर भनी हामी इच्छा गर्छौं।* ८ यो मैले तिमीहरूलाई नियम बनाइदिएको होइनँ, तर अरूहरूले मद्दत गर्न कति इच्छुक

छन्, यहाँ बताएर तिमीहरूको प्रेम साँचो हो कि होइन, म पत्ता लाउन चाहन्छु। ९ हाम्रा प्रभु येशू ख्रीष्टले गर्नुभएको अनुग्रह तिमीहरूलाई थाहै छ। उहाँ धनीभन्दा धनी भएर पनि तिमीहरूका लागि गरीब हुनुभयो। आफ्नै गरीबीले तिमीहरूलाई धनी बनाउन उहाँले यसो गर्नुभयो। १० पोहोर थालेको काम पूरा गर भनी म तिमीहरूलाई सल्लाह दिन्छु। तिमीहरू काम गर्न मात्र होइन तर काम गर्ने इच्छामा पनि सबैभन्दा अघि भयौ। ११ अब तिमीहरूले सुरु गरेको काम पूरा पनि गर। त्यस बेला तिमीहरूको दिने ठूलो इच्छा थियो र सकेसम्म दिएर अब आफ्नो इच्छा पूरा गर। १२ तिमीहरूमा दिने ठूलो इच्छा छ भने तिमीहरूमा जे छ, त्यसैबाट दिएको परमेश्वर लिनुहुन्छ, तर तिमीहरूसँग नभएको कुरा खोज्नुहुन्न। १३ तिमीहरूलाई भारी लदाएर अरूहरूलाई चाहिँ हलुङ्गो बनाउने मेरो इच्छा होइन तर सबैलाई समान भार होस्। १४ यस बेला तिमीहरूसँग मनग्गे छ र नहुनेहरूलाई तिमीहरूले दिनु राम्रै हो। पछि तिमीहरूलाई नपुग्दो हुँदा पनि उनीहरूले मद्दत गर्नेछन्। यसो हुँदा दुवैले आपसमा मद्दत गर्न सक्नेछन् र सबै बराबर हुन्छन्। १५ "धेरै बटुल्नेलाई पनि धेरै भएन अनि थोरै बटुल्नेलाई पनि थोरै भएन" भनेर त धर्मशास्त्रमा नै लेखिएको छ।"

पुरानो करारका दुई अध्यायलाई प्रस्तुत गर्दै कठिन परिस्थितिमा सहविश्वासीहरूको सहयोगको निम्ति उदार होऊ पावलले अनुरोध गर्दछन्। जब इस्रायलीहरूले मरुभूमिमा ४० वर्ष घुमफिर गरेका थिए त्यसबेला परमेश्वरले तिनीहरूलाई प्रसस्त मन्ना स्वर्गबाट बर्षाउनुभएको थियो। त्यसलाई अनुकरणीय उदाहरणको रूपमा लिएर चर्चका बिस्तृत समूदायप्रति येशूका भक्तहरूले दिनु र बाँडचुड गर्नुपर्छ भनेर पावलले जिकिर गरेका थिए (२ कोरन्थी ८:१५)। भजन ११२:९मा उल्लेख गरिएको “उसले अभावमा परेकाहरूलाई खुला मनले दिँदछ र उसको दया कहिल्यै हराउँदैन। ऊ शक्तिशाली हुनेछ र उसले आदर पाउनेछ।" पदलाई २ कोरन्थी ९:९मा पावलले यसरी सिधै उद्धृत गर्दछन् “धर्मशास्त्रमा पनि त्यस्तै लेखिएको छ, “उसले छर्छ र मन खोलेर गरीबलाई दिएको छ, उसले गरेको भलाइ युगयुगसम्म रहनेछ।""

आफूले नियमित रूपमा आर्जन गरेका पैसाहरू नियमितरूपमा जानाजानै अलग छुट्याएर राख्नु ताकि जब उनी वा तितस तिनीहरूको चर्चमा आउँछन् तब ती भेटीहरू जम्मा गरेर यरुशलेमका इसाईहरूलाई सजिलैसँग दिन सकून् भनेर आफ्ना पाठकहरूलाई पावलले अनुरोध गर्दछन्। एउटा चर्च

उदारताको  उदाहरण बनेर अर्को चर्चलाई पनि त्यस्तै उदारवादी हुन सिकाउनुपर्छ भनेर पावलले उत्साह दिन्छन्। पावल लेख्दछन् "मानिसहरूले खीष्टको सुसमाचारप्रति तिमीहरूको भक्ति र खुल्ला मनले सबैलाई दिने वा बाँड्ने भएर तिमीहरूको सेवा देखेर परमेश्वरलाई आदर दिनेछन्।" (२ कोरन्थी ९:१३)।

**हो, हाम्रो अगाडि सहयोगको निम्ति धेरै मागहरू छन्। धेरै स्थानहरूलाई हाम्रो मद्दत चाहिन्छ। तर सबैलाई तिनीहरूको इच्छा पुऱ्याउन हामी सक्दैनौं, तैपनि दिनैपर्ने ठाउँमा र हामीहरूको स्रोत भएसम्म कसलाई पहिला दिने भन्ने प्राथमिकता हामीले कसरी छुट्याउने?**

## ४. सार्थक जीवन जिउन र करुणा र माया पाउने जीवन बिताउन पावलको मार्गनिर्देशन

येशू खीष्टको मृत्युद्वारामात्र मुक्ति पाइन्छ भन्ने महान् शिक्षालाई गहिरोरूपमा सिकाउन येशूपछिका पोख्त धर्मगुरु पावलले रोमीको किताबद्वारा प्रत्येक पाठकको सामु राखिदिएका छन्। त्यस आत्मज्ञानको सिद्धान्त पावलले रोमीको पुस्तकको प्रथम् १-११ अध्यायहरूमा गहिरो विश्लेषण गरेर सबैको सामु प्रस्तुत गरेका छन्। प्रथम् ११ अध्यायको प्रस्तुति पछि पावलले  अर्कै विषयमा जोड दिएका थिए। यदि कोही मानिसले येशूको मृत्युद्वारा पाइने सुसमाचारलाई ग्रहण गरेर परमेश्वरको प्रेम र अनुग्रहलाई स्वीकार्छ भने मुखले वा मनलेमात्र होइन जीवनबाट पनि उसले देखाउनुपर्छ जसले गर्दा प्रत्येक येशूभक्त अरूलाई प्रिय ठान्ने कलामा निपूर्ण हुनसकुन् भन्ने पावलको जोडदार जिकिर छः "त्यसकारण ए भाइ र बहिनीहरू हो, परमेश्वरको दयाको दृष्टिकोणले म जोडसँग आग्रह गर्छु कि तिमीहरूका शरीर जीवित बलि वा शहीद र पवित्र हुन सुम्प। यो नै परमेश्वरलाई मनपर्ने तिमीहरूको सत्य र उचित उपासना वा उहाँप्रति गरिने आराधना हो।" **(रोमी १२:१ रूपान्तरित)।**

**रोमी १२ अध्याय पढ्नुहोस्। यस अध्यायलाई आफ्नै शब्दहरूमा सारांश निकाल्नुहोस्। विशेष गरेर अभावमा परेकाहरूलाई प्रेम गर्न, अरूको वास्ता गर्न पावलले सिकाएका निर्देशनहरूलाई ध्यान दिनुहोस्। प्रत्येक येशूभक्तमा हुनुपर्ने सुख, शान्ति र मेलमिलापका नीति अर्थात् गुणहरू यसमा विषयमा  अध्यायमा पावलले कोरेका छन्। हेर्नुहोस्ः "१ मेरा प्यारा दाजुभाइहरू, परमेश्वरको धेरै दया तिमीहरूमाथि भएको छ। त्यसैले आफ्नै शरीर पवित्र र परमेश्वरलाई मनपर्दो जिउँदो बलिदान बनाएर परमेश्वरको सेवा**

गर्न उहाँको सामु चढाओ भनेर म तिमीहरूलाई बिन्ती गर्दछु। तिमीहरूको आत्माले गर्नुपर्ने साँचो आराधना पनि यही नै हो। २ तिमीहरूले संसारका मानिसहरूका देखासिकी गरेर उनीहरूजस्तै हुने इच्छा नराख, अब आफ्नो मनमा नयाँ भई परिवर्तन होओ। त्यसो भए मात्र तिमीहरूले परमेश्‍वरको इच्छा के रहेछ, पत्ता लाउन सक्छौ अनि कुन कुरो असल छ, कुन कुरोले परमेश्‌वरलाई खुसी तुल्याउँछ अनि कुनचाहिँ कुरा पक्का हो, त्यो तिमीहरूलाई छर्लङ्ग थाहा हुन्छ। ३ परमेश्‍वरले मलाई अनुग्रह देखाउनुभएकोले म तिमीहरू सबैलाई भन्दै छु, आफूलाई ठूलो नठान तर परमेश्‍वरले दिनुभएको विश्‍वासको मात्राअनुसार आफू जस्ता छौ, त्यस्तै ठान। ४ हाम्रो शरीरमा धेरै अङ्गहरू भए पनि ती अङ्गहरूका बेग्लाबेग्लै काम छन्। ५ त्यसै गरी हामी धेरै भए पनि ख्रीष्टमा एउटै शरीर हौं र हामी सबै एक-अर्काका अङ्ग हौं। ६ यसकारण परमेश्‍वरले आफ्नो अनुग्रहले हामीलाई दिनुभएका बेग्लाबेग्लै दानअनुसार उहाँका कामहरू गरौं। परमेश्‍वरको तर्फबाट बोल्न सक्नेले आफ्नो विश्‍वासअनुसार उहाँकै तर्फबाट बोलौं। ७ सेवा गर्नेजतिले ठीकसँग सेवा गरौं, परमेश्‍वरका शिक्षा दिन सक्नेले आफ्नो विश्‍वासको मात्राअनुसार शिक्षा देओस्। ८ ठीक बाटोमा हिंड्न सल्लाह दिन सक्नेले सल्लाह देओस्। खाँचोमा परेकालाई दिनेले खुल्ला मनले देओस्। काम मिलाउनेले सक्दो चाँडै मिलाइहालोस् र दया देखाउनेले खुसीसाथ दया देखाओस्। ९ तिमीहरूको प्रेम देखावटी होइन तर साँचो होस्। खराब कुरा त्यागेर असल कुरामा लागिरहो। १० भातृप्रेमले एकले अर्कोलाई पनि प्रेम गर। अरूलाई आदर गर्न नचुक। ११ गरिहाल्नुपर्ने काममा अल्छी नगर। आत्मामा जोशिलो भएर दिलोज्यानले प्रभुको काम गर। १२ तिमीहरूले पाएको आशामा खुसी रहो। कष्टहरूमा धैर्य बन र सधैं प्रार्थनामा लागिरहो। १३ प्रभु ख्रीष्टका पवित्र जनहरूलाई खाँचो पर्दा सहायता देओ, घरमा आएका पाहुनाहरूको सेवासत्कार गर १४ र सताउनेहरूलाई श्राप होइन आशीर्वाद देओ। १५ त्यस्तै रमाउनेहरूसँग रमाओ। रुनेहरूसँग रोओ, १६ सबैसँग मिलनसार होओ। कसैसँग शेखी नगर, तर सबैसँग नम्र भएर झुक अनि आफूलाई धेरै जान्ने पनि नठान। १७ कसैले तिमीलाई नराम्रो गर्‍यो भन्दैमा उसलाई नराम्रो नगर। सबै मानिसले असल ठहराएका कुराहरूमा मात्र ध्यान दिनू। १८ सकेसम्म सबैसित मेलमिलाप राख। १९ प्यारा दाजुभाइहरू, कहिल्यै पनि कसैसँग बदला नलिनू। तर रिस देखाउने काम परमेश्‍वरलाई नै गर्न दिनू किनभने धर्मशास्त्रमा लेखिएको छ, "न्याय गर्ने काम मेरो हो। म नै बदला लिनेछु।" २० अर्को ठाउँमा धर्मशास्त्रले भन्छ, "तिम्रो शत्रु भोकाएको

**छ भने खान देओ, तिर्खाएको छ भने पानी देओ किनभने यसो गर्नाले तिम्रो शत्रुको टाउकोमा आगोको भुँग्रो थुपार्नेछौ।" २१ खराबीले तिमीलाई जित्न नपाओस् तर खराबीलाई भलाइले जित।**

परमेश्वरसँगको र मानिस मानिसको बीचको सम्बन्धलाई कसरी सुमधुर बनाइ राख्ने भनेर ती विषयबस्तु पावलले अरू पत्रहरूमा पनि लेखेका छन्। तर रोमी १२मा उनले सबै पत्रहरूको विस्तृत सारांश दिएर हाम्रो ध्यान त्यसतिर तानेका छन्। चर्च कुनै भवन वा संस्था नभएर प्रत्येक विश्वासी हुन् र विश्वासीहरूको समूह हुन भनेर सहमति जनाउँदै, प्रत्येक विश्वासीमा विभिन्न दक्षता वा खुबीहरू हुन्छन् र हरेकले एक आपसमा उदारवादी भएर सेवा गर्नुपर्छ र एक आपसलाई उत्साह दिनुपर्छ भनेर उनले आग्रह गर्दछन (पद ३-८)। कसैले केही काम गर्छ भने धर्मको लागि होइन न त कसैलाई रिझाउनै हो तर सबभन्दा ठूलो प्रेमको जोशले उत्साहित भएर निश्वार्थ भावनाले गर्नुपर्छ भनेर उनी जिकिर गर्दछन् (पद ९-११)।

इसाई जीवन कसैबाट अलग भएर बस्ने वा अरूभन्दा आफू साधु छु भनेर कुटीमा जीवन बिताउने होइन तर मानिसहरूकै बीचमा रहेर कसरी व्यवहारिक जीवन बिताउने भनेर पावलले आचारसंहिता स्वरुप यो १२ अध्यायमा कोरेका छन्। कुनै पनि कठिन, जटिल र मुश्किल परिस्थिति र सतावतमा धैर्य धारण गर्न, गरिबहरूको सेवा गर्न, सकेसम्म जहाँभएपनि सबैसँग शान्ति वा मेलमिलाप गरेर बस्न, कसैप्रति प्रतिशोधको भावना नराखि खराब गर्नेलाई असल गर्न र दुष्ट र अन्याय गर्नेहरूलाई पनि करुणा तथा दया देखाएर व्यवहार गर्नुपर्छ भनेर पावलले आग्रह गरेका छन् (रोमी १२:२०,२१)। धर्मपरिवर्तन गरेको छु भनेर अरूलाई देखाउन होइन तर आफ्नो जीवनमा आमूल परिवर्तन भएको छ र नयाँ मानिस बनिएको छु भन्दै परमेश्वरको सेवा गर्दै र विश्वासीको समाजको एक भाग भएर कसरी जिउने भन्ने खाका यस अध्यायमा दिइएको छ।

येशूले क्रुसको मृत्युद्वारा र अनन्तको आशा दिलाइ दिनुभएकोले त्यसको प्रत्युत्तरमा नयाँ विश्वासीहरूको जीवन, प्राथमिकता र क्रियाकलापहरूमा आमूल परिवर्तन आउनुपर्छ र आदर्शको जीवन बिताउनु आवश्यक छ भनेर पावलले तिनीहरूलाई सम्बोधन गर्दछन्। पावल र त्यस बेलाका जनताहरूले निष्ठुर र शोषक रोमी साम्राज्यको भारमा जीवन बिताएका थिए। रोमका कतिपय जनता वा शासकहरू संसारिक थिए र परमेश्वरप्रतिको विश्वासमा संवेदनशील थिएनन्। तर नयाँ विश्वासीहरूलाई संसारका

मानिसहरूभन्दा फरक जीवन जीउन सिकाउँदै पावल भन्दछन् “संसारको ढाँचा वा देखासिकि अनुसार नचल्नु वा संसारसँग सम्झौता गरेर नचल्नु, तर दिमाग वा मगजलाई नयाँ बनाइ आफ्नो जीवनलाई परिवर्तन वा कायापलट गर्नु" (रोमी १२:२ रूपान्तरित)।

**तपाईं रहेको समाजमा कस्तो नकारात्मक मनस्थिति, प्रवृत्ति वा संस्कारहरू छन् जसको प्रतिवाद गर्दै तपाईं समाजको प्रियपात्र बन्न र येशूका भक्त हुँ भनेर देखाउन सक्नुहुन्छ?**

## ५. “न्यायी" याकूब

येशूका भाइ वा झड्केला भाइ याकूब इसाई परम्परा अनुसार यरुशलेममा भएको सुरूको चर्चको अगुवा थिए भनेर भनिएको छ। जब यहूदी र अयहूदी इसाईहरूको बीचमा विवाद भयो तब त्यसलाई सुल्झाउन एक परिष्द खडा भएको थियो। त्यो परिषदमा विश्वासीहरूका प्रतिनिधिहरू थिए। याकूब त्यस परिषदको अध्यक्ष भएका थिए (प्रेरित १५, गलाती १ र २)। उनलाई याकूबको पुस्तकको पनि लेखक भन्न सकिन्छ। याकूब भन्ने नाउँ त्यस समयमा लोकप्रिय थियो। त्यसकारण त्यस समय धेरै आमाबाबुले आफ्ना छोराहरूको नाउँ याकूब भनेर नामाङ्करण गरिन्थे। त्यही याकूब चर्चको अगुवा पनि हुनसक्थ्यो र याकूब जो "न्यायप्रेमी" भन्ने नाउँले प्रचलित भएका थिए। उनको प्राथमिकतामा आफू होइन अरूको भाऊ वास्ता गर्ने र प्रायजसो बिर्सिएका, पिछडिएका वर्गहरूको सेवा गर्ने थियो। उनको नाउँ दिएर समावेश भएको याकूबको पुस्तकलाई "नयाँ करारको हितोपदेश" भनेर पनि भनिन्छ। परमेश्वरका भक्तहरूले कसरी सही सत्यवादी, ज्ञानी र धार्मिक जीवन बिताउनुपर्छ भन्ने व्यवहारिक अर्ती त्यस पुस्तकमा लेखिएको छ।

कतिपय मानिसहरू केवल सुन्नेमात्र गर्छन् र सुने अनुसार पालन गर्नैं पर्ने नैतिकरूपमा वाध्यता नभएको ठान्छन्। कोही मानिस इसाई हुँ वा येशूको भक्त हुँ भनेर दावी गर्छ भने परमेश्वरको वचन सुन्नेमात्र तर पालन नगर्ने इसाईहरे आफूले आफैलाई धोखा दिइरहेका हुन्छन् भनेर याकूबले ठोकुवा गर्छन्। त्यसकारण वचन अनुसार चल्न उनी आग्रह गर्छन् (याकूब १:२२)। अभावमा परेकाहरूको सेवा गर्ने, शोषित तथा पीडितहरूप्रति करुणा देखाउने र समाजमा वरिपरि भएका भ्रष्ट प्रभावबाट आफूलाई चोखो राख्नु नै उनको निम्ति शुद्ध, सत्य र धर्म थियो। यदि यी नीतिहरू अपनाएर कोही प्रभुको पछि लाग्छ

भने यस खालको धर्म परमेश्वरको अगाडि सधैं मान्य भइरहेको हुन्छ (याकूब १:२७)।

जसरी गरिब सधैं रहन्छ त्यसरी नै धनी वर्ग पनि सधैं भइरहन्छ। त्यसबेला र अहिलेको समाजले धनीवर्गलाई हेर्ने दृष्टिकोणमा खास भिन्नता आएको छैन। तर धनीहरूप्रतिको लोकप्रिय धारणा विपरित याकूबको धारणा कस्तो थियो? परमेश्वरको आज्ञा पालन गर्छु भनेर दावी गर्ने विश्वासीहरूले चर्चमा आएका वा भएका धनी र गरिबलाई कुन हिसाबले व्यवहार गर्नुपर्छ भनेर याकूबले कसरी औंल्याउँछन्? हेर्नुहोस्ः याकूब २:१-१३ "१ मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि तिमीहरूको विश्वास भएको हुनाले तिमीहरूले कुनै भेदभाव नदेखाओ। २ यदि कोही मानिस सुनका औंठीहरू र राम्रा-राम्रा लुगा लगाएर तिमीहरूको सभामा आयो, र कुनै एक जना गरीब पनि झुत्रे-झाम्रे लुगा लगाएर आयो भने, ३ तिमीहरूले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, "यहाँ राम्रो ठाउँमा बस्नुहोस्" भन्छौ, र त्यस गरीबलाई चाहिँ "तँ त्यहीं उभि" अथवा "मेरा पाउनेर बस्" भन्छौ भने, ४ के तिमीहरूले आफ्नै बीचमा भेदभाव देखाएनौ, र कुविचार भएका न्यायकर्ता भएनौ र? ५ मेरा प्रियहरू, सुन, के परमेश्वरले संसारका गरीबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र? यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र? ६ तर तिमीहरूले त गरीब मानिसको अपमान गरेका छौ। के धनीहरूले तिमीहरूलाई अत्याचार गर्दैनन् र? के तिनीहरूले तिमीहरूलाई अदालतमा लाँदैनन् र? ७ के तिनीहरूले त्यही आदरणीय नाउँको अपवाद गर्दैनन् र, जुन नाउँद्वारा तिमीहरूलाई बोलावट भएको छ? ८ यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ। १० किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। १२ यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्। १३ किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ।" र याकूब ५:१-६ "१ धनी मानिस हो! सुन, तिमीहरूमाथि आइपर्ने

**कष्टहरूका निम्ति रोओ र विलाप गर। २ तिमीहरूको धन सड़ेको छ, र तिमीहरूका पोशाकहरू कीराले खाएका छन्। ३ तिमीहरूका सुनचाँदीमा कस लागेको छ, र त्यही कस तिमीहरूका विरुद्धमा साक्षी हुनेछ, र आगोले जस्तै तिमीहरूको शरीर खानेछ। तिमीहरूले आखिरी दिनहरूका निम्ति धन साँचेका छौ। ४ जुन खेतालाहरूले तिमीहरूका खेतका बाली काटेका छन्, तिमीहरूले धोकाबाजी गरेर नदिएको तिनीहरूको ज्याला नै कराउँछ, र ती बाली काट्नेहरूको पुकारा सेनाहरूका परमप्रभुका कानसम्मै पुगेको छ। ५ तिमीहरू यस पृथ्वीका सुख-विलास र मोजमज्जामा मस्त भएर बसेका छौ। बलिका दिनको निम्ति तिमीहरूले आफैलाई पुष्टाई राखेका छौ। ६ तिमीहरूको विरोध नगर्ने धर्मात्मालाई दोषी ठहराएर तिमीहरूले मारेका छौ।"**

कोही मानिस भोकाएका छन्, तिर्खाएका छन् वा जाडोले कठ्याङ्ग्रिएका छन् त्यसलाई "सञ्चै?" भनेर अभिवादन गर्नु र परमेश्वरले उसलाई आशिष देओस् भनेरमात्र चाहना गर्नु बेकार हो भनेर याकूबले भन्दछन्। कुटीमा वा कोठामा बसेर करुणाको ज्ञानबुद्धि दिनु वा प्रचार गर्नु, अरूको भलाइ सोच्नु र कुनै पनि आदर्शका अर्ती तथा दर्शनहरू छाँट्नु भन्दापनि वास्तविक खानेकुरा र लुगा दिएर हामीहरूले चासो देखाउनु व्यवहारिक रूपमा त्यो उत्तम हुन्छ भन्ने राय याकूबको छ। हेर्नुहोस् याकूब २:१४-१७ "१४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दैनिकको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो मुर्दा विश्वास हो (रूपान्तरित)।

परमेश्वरसँग नजिक सम्बन्ध राखेर कोही चल्छ भने त्यसको कामले त्यो सत्य वा सक्कल भक्त वा इसाई हो कि होइन भनेर देखाउँछ भन्ने कुरालाई प्रस्तुत गर्न माथिको अंश लेखिएको हो। परमेश्वरमाथि विश्वास गर्नेको लागि विश्वास र कामको बीचमा घनिष्ट सम्बन्ध छ भनेर याकूबले जिकिर गर्दछन्। छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु भन्ने येशूको भनाइलाई दोहोऱ्याउँदै (याकूब २:८), यो आज्ञा वा निर्देशन दैनिक जीवनमा लागु गर्नुपर्छ भनेर याकूबले देखाउँदछन्। असल वा परोपकारीय काम गरेर मुक्ति पाउने

होइन तर परमेश्वरमाथि सही आस्था छ भनेर परमेश्वर र अरूको सेवा गरिरहेको जीवनले नै देखाउँदछ (अर्थात् मुक्ति पाउन होइन येशूमा मुक्ति छ भन्ने प्रमाण विश्वासीको जीवन प्रणालीले देखाउँदछ)।

**मानिसको संस्कारै यस्तो छ कि धनी र प्रतिष्ठित वर्गलाई सम्मान गरेर विपन्नवा गरिबलाई पन्छाइन्छ। तर यदि हामी येशूभक्त हौं भनेर दावी गर्छौं भने यस्तो भेदाभावबाट जोगिन हामीले किन सधैं सचेत भएर बस्नुपर्छ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *वेलफेएर मिनिस्त्रीको* पृ. ६६,६७को अंश "डोरकास-हर मिनिस्त्री एण्ड इन्फ्लुएन्स", *द आक्टस् अभ आपोस्टलसको* पृ. ३३५-३४५को "ए लिबरल चर्च" अध्याय र लिखित *वेलफेएर मिनिस्त्रीको* पृ. ३५-४१को "दिस इज प्योर रिलिजन" पढ्नुहोस्।** "दुःखी, पीडित, शैतानको काबुमा रहेर पापमा फसिरहेकाहरूको सेवा गर्न समर्पित र सक्षम चर्चको स्थापना गर्न मुक्तिदाताले आफ्नो अमूल्य जीवन दिनुभएको थियो। विश्वासीहरूको समूह गरिब होलान्, विपन्न होलान्, असिक्षित वा निरक्षर होलान् र कसैले नचिनेको वा वास्ता नगरेको होलान्-तैपनि यदि त्यो समूह येशूप्रति समर्पित भयो भने त्यस समूहले आफ्नो घरमा, छरछिमेकीमा, चर्चमा र आफ्नो क्षेत्रभन्दा बाहिर आफ्नो औकात अनुसार काम गर्न सक्छन्। त्यसको नतिजा तत्काल थाहा नभएतापनि त्यसले अनन्त जीवनमा असर पर्नेछ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ६४०बाट रूपान्तरित।

"जब सुरूको चर्चका विश्वासीहरूले निस्वार्थी भएर उदारता देखाए तब त्यहाँ अत्यन्तै हर्ष र उल्लासमय वातावरण बनेको थियो। आफूहरूको प्रयासले अन्धकारमा भौंतारिरहेका मानिसहरूकहाँ सुसमाचार पुर्‍याउन सहयोग मिलेकोले तिनीहरू प्रफुल्ल भएका थिए। तिनीहरूको उदार हृदयले यो देखाउँथ्यो कि तिनीहरूले पाएको परमेश्वरको अनुग्रह खेर गएको छैन। ती विश्वासीहरूको आत्मा, जोश जाँगरलाई पवित्र आत्माले शुद्ध पारेकोले नै तिनीहरूमा यस्तो उदार हृदय उत्पन्न भएको थियो। जुन जोश, जाँगर र उदार भएर सुरूको चर्च चलेको थियो, त्यो येशूलाई विश्वास गर्ने र नगर्नेहरूको बीचमा परमेश्वरको अनुग्रहको आश्चर्य कामको प्रमाण थियो भनेर देखाइएको थियो।"-एलेन जी ह्वाइट, *द आक्टस अभ आपोस्टल्स,* पृ. ३४४बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) प्रेरितको सुरूको केही अध्यायमा उल्लेख गरिए अनुसार तपाईंको चर्च समूदायले त्यस अनुसार चल्न कस्तो प्रयास गर्नसक्छ? त्यस दिशामा चर्च लैजान तपाईंको चर्चको नेतृत्ववर्गले कस्तो व्यवहारिक कदमहरू चाल्न सक्छ होला?

आ) यस अध्यायमा उल्लेख गरिएका केही नीतिहरूलाई अपनाएर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले दशांस र भेटीलाई विश्वका विभिन्न देशहरूमा बाँड्दछ। विश्वासीहरूसँग भएका स्रोतहरूलाई यसरी बाँड्ने प्रणालीको फाइदाहरू के के हुन्?

इ) यस संसारमा रहेका हामी विश्वासीलाई रोमी १२ अध्यायमा दिएको निर्देशन के व्यवहारिक र वास्तविक छन् वा ती केवल आदर्शका भाषण, अर्तीहरूमात्र वा सन्तहरू भनेर कहलाउन वा योग्य बन्न के कुरामात्र गर्ने हो त? (के बाइबलका आदर्श वा सत्य वचनहरू केवल सुनेरमात्र हामीले मुक्तिको अनुभव गर्न सक्छौं र?)।

ई) पुरानो करारका अगमवक्ताहरूका कडा चेतावनीलाई याकूबले याकूब ५:१-५मा कडा शब्दहरू प्रयोग गरेर लेखेका छन्। यी कडा शब्दहरूद्वारा व्यक्त गरिएका भावना किन आवश्यक र उचित छन्?

**सारांशः** येशूको आदेश र पवित्र आत्माको प्रोत्साहन र शक्तिको आडमा चेलाहरू र सुरूका विश्वासीहरूले येशूका सन्देश र लक्ष्यलाई जति धेरै ठाउँमा पुऱ्याउन सके त्यति धेरै खटेका पनि थिए। येशू र हिब्रू धर्मशास्त्रको शिक्षादीक्षा अनुसार सुरूको चर्च नयाँ समाज भएर खडा भएको थियो। तिनीहरूसँग भएका भौतिक सामानहरू आवश्यक परेकाहरूलाई बाँडेका थिए। त्यो केवल चर्चका विश्वासीहरूलाई मात्र होइन चर्चभन्दा बाहिरका मानिसहरूलाई पनि बाँडेका थिए। (मानव मानव बीचको समानता हुनु भनेको के रहेछ भने थाहा पाउन कुनै दर्शन वा वादको अध्ययन गर्नुपर्दैन। सुरूको चर्चको इतिहास पढे पुग्छ-अनुवादकको टिप्पणी)। चर्चहरूलाई लेखिएको पत्रहरूमा दिएइका शिक्षादीक्षा अनुसार र उदाहरण बनी प्रथम् चर्चका अगुवाहरूले येशूका विश्वासी भक्तहरूलाई केवल प्रवचन छाँट्नेमात्र होइन वा इसाई हुँ भनेर दावी गर्नेमात्र होइन तर सेवामूलक र प्रत्यक्ष विश्वासी जीवन बिताउन आह्वान पनि गरेका थिए। अभावमा परेकाहरूप्रति ध्यान दिन तिनीहरूले इसाईहरूलाई अनुरोध गरेका थिए।

## कथा ९

## "हेलो, होप च्यानल"

## विलियम आरामा, ४९, न्युजिलाण्ड

न्युजिलाण्डको उत्तरी सहर केरीकेरीको पास्टर विलियम आरामाले यो इमेल अत्यन्तै चासो देखाएर पढेः "हेलो, होप च्यानल अभिवादन। म र मेरी श्रीमती केरिकेरीमा छिट्टै सर्दैछौं। त्यहाँ चर्चमा जान हामी चर्च खोज्नेछौं। केही समय अघि केरीकेरीको कोठे रङ्गसालामा एक जना मानिसले कार्यक्रम चलाएको हामीले हेर्‍यौं। यदि हामी त्यहाँ गयौं भने हामीलाई ठिकै होलाकि भनेर हामी सोच्दैछौं। तपाईंहरूको होप च्यानलको कार्यक्रम हामीलाई असाध्यै मन पर्छ। तपाईंको, येशूको नाउँमा, कलिन हर्सफल।"

त्यो पत्र पाएपछि विलियमको हृदयमा खुशीको सिमा रहेन। होप च्यानल टेलिभिजनमा उनको कार्यक्रम कसै न कसैले हेरिरहेको कुरा थाहा पाउँदा उनलाई अत्यन्तै रमाइलो लाग्यो र कसै न कसैको हृदयलाई छोइरहेको छ भन्ने थाहा पाउँदा उनले परमेश्वरलाई धन्यवाद दिए। अब ती दम्पत्ती चर्चमा आउन चाहेका थिए। उनलाई अचम्म लागेको थियो।

कलिन र उनकी श्रीमतीले होप च्यानललाई मन परेकोमा आफू अत्यन्तै खुशी भएको विलियमले लेखि पठाए। न्युजिलाण्डको राजधानी अकलाण्डबाट २५० किलोमिटर उत्तरमा रहेको सहर केरीकेरी सानो सहर हो र त्यहाँ ७,५०० जनसंख्या छ भनि उनले जवाफ दिए। एडभेन्टिस्ट विश्वासीहरू प्रत्येक शनिबार अवकाश पाएकाहरूको निम्ति बनिएको चर्चमा भेला हुन्छन् भनेर पनि उनले लेखे।

"तपाईं र तपाईंकी श्रीमतीलाई हाम्रो आराधना सेवामा हार्दिक स्वागत छ। केही सहायता चाहिएमा हामीसँग सम्पर्क गर्नुहोस्" विलियमले लेखे। "धन्यवाद, हामी छिट्टै त्यहाँ आउनेछौं" कलिनले जवाफ दिए।

केही वर्ष अघि विलियम केरी केरीमा आएका थिए। त्यस सहरमा पहिलोपल्ट सेभेन्थ-डे एडभेन्टिस्ट चर्च स्थापना गर्न उनी आएका थिए। त्यसबेला केवल एउटामात्र एडेभेन्टिस्ट परिवार थियो। विलियमले त्यस सहरमा अरू कसैलाई पनि चिन्दैनथे। त्यहाँ प्रभुको कामको निम्ति अघि कसरी बढ्ने भनेर धेरै प्रार्थना गरियो। अनि उनले कोठे रङ्शाला खोल्ने निर्णय गरे।

"परमेश्वरले मलाई अत्यन्तै शानदार बिचार दिनुभयो 'तिमीले कोठे रङ्गशाला किन नबनाउने?' अनि मैले रङ्गशाला बनाएँ किनभने मलाई थाहा थियो कि त्यहाँ मैले धेरै मानिसहरूलाई भेट्नेछु" विलियमले सम्झन्छन्।

त्यहाँ उनले कोठे रङ्गशालामा उनले धेरै मानिसहरूलाई भेटे र उनले न्युजिलान्डको होप च्यानल टेलिभिजन प्रसारणको कार्यक्रममा भाग लिने गरे। सन् २०१६को त्रैमासिक भेटीको सहयोगले न्युजिलाण्डको प्रत्येक घरमा सित्तैंमा होप च्यानल प्रसारण हुन्छ। त्यस टेलिभिजन कार्यक्रमहरूमा विलियमले आफ्नो जिम खानामा गरिने व्यायामको कार्यक्रम प्रसारण गरेका थिए। कार्यक्रममा मानिसहरू आफ्नो शारीरिक स्वास्थ्यको बारेमा चिन्ता त गर्छन् तर "तपाईंहरूको आत्मिक स्वास्थ्यचाहिँ कस्तो छ त?" भनेर उनले सोध्दथे। यस विशेष कार्यक्रमले कोलन र उनको श्रीमती रबिनलाई प्रभाव पारेको थियो। तिनीहरू केरीकेरी सहरको ६० माइल पर रहेको सहर काइटाबाट सर्ने तयारी गरिरहेका थिए। ती दम्पत्ती अर्कै सम्प्रदायको चर्चका सदस्यहरू थिए।

जब कलिन र रबिन केरीकेरीमा सरे तब शनिबारको दिन पहिलो पल्ट सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक भए। त्यस चर्चमा १२ जना एडभेन्टिस्टहरू थिए। सबैले तिनीहरूलाई हार्दिक स्वागत गरे। तिनीहरूले प्रवचनलाई मन पराए र पछि सबै जना मिलेर सँगै खाना पनि खाए।

"सबै मानिसहरू कस्तो मिलनसार! हामीहरू आउने बित्तिक्कै तिनीहरूले हामीलाई हार्दिक सत्कार गरे। र तिनीहरू आइनै रहे" विलियम सुनाउँछन्। देशको साइकल दगुराउने वर्ल्ड मास्टर गेमहरूको प्रतिस्पर्धामा कलिनले तक्मा पाएका थिए। उनी ७५ वर्षका छन्। रबिन होप च्यानल हेर्न असाध्यै मन पराउँछन्। विलियमलाई टेलिभिजनमा देखेपछि उनी भन्छिन् "मैले हप्ताभरि मन पर्ने पास्टरलाई देख्न पाएको छु।" कलिन र उनकी श्रीमतीले बाइबल अध्ययन गर्न अनुरोध गरेका छन् र तिनीहरू बप्तिस्मा लिने तरखरमा छन्। परमेश्वरलाई विश्वास नगर्ने धेरै न्युजिलाण्डका बासिन्दाहरूको हृदयहरूका ढोकाहरू होप च्यानलले खोल्न सुरू गरिरहेको छ भनेर विलियम विश्वास गर्दछन्।

"कतिपय मानिसहरू आफूमा भएका व्यक्तिगत समस्याहरू अरूलाई सुनाउन चाहँदैनन्। तर ती समस्याहरूको बारेमा होप च्यानलले सबैलाई घरमै बसेर आरामसँग सोचबिचार गर्न सम्भव बनाएको छ। तिनीहरू चर्चमा आएको र अरूले तिनीहरूलाई चर्चमा देखेको तिनीहरू चाहन्दैनन्। तर परमेश्वर होप च्यानलबाट बोल्नु हुन्छ र उहाँका सन्देशहरू घरमै बसेर सुन्न सक्ने भएका छन्" विलियम भन्दछन्।

*-आन्ड्रयु मेकचेस्नी*